**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 5, Volume 5, Issue 1, Dec. 2023
Solukhumbu Multiple Campus Research Development and Management Committee

# एपिए शैलीको परिचय र प्रयोग

**प्रा. केशवराज पोखरेल, पीएचडी**

*Article History : Submitted 16 Sept. 2023; Reviewed 13 Oct. 2023; Accepted 15 Dec. 2023*
*Author : Prof. Keshab Raj Pokharel, PhD Email: keshav.pokharel@cded.tu.edu.np*

**लेखसार**

*नेपाली भाषामा प्राज्ञिक लेखनका लागि सन्दर्भ सामग्रीहरू उद्धरण गर्न र सोको सूची बनाउन एपिए पद्धतिको प्रयोग गर्ने सन्दर्भमा उपयुक्त मार्गदर्शक सामग्रीको अभाव छ। यस लेखमा एपिए शैलीको प्रयोग गरी प्राज्ञिक लेखनमा सहजता ल्याउनका लागि एपिए शैलीको प्रयोगको तौरतरिका र विधि उल्लेख गर्ने प्रयत्न गरिएको छ। अंग्रेजी भाषामा प्रकाशन भएका सामग्रीको गहन अध्ययन गरी त्यसलाई नेपाली भाषामा उपयुक्त हुने गरी यो लेख तयार पारिएको हो । यस लेखले एपिए शैली अनुसार सन्दर्भाङ्कन र सन्दर्भसूचीमा देखिएको विविधता न्यूनीकरण गरी एकरूपता कायम गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।*

**मुख्य शब्दहरू :** *एपिए पद्धति, प्राज्ञिक लेखन, सन्दर्भाङ्कन, सन्दर्भसूची*

## विषयप्रवेश

ज्ञानको अन्तिम स्वरूप यही हो भनेर निश्चित गर्न सकिन्न। पूर्ववर्तीका निष्कर्षको निरन्तर पुनरावलोकन हुँदै जाँदा नवीनतम ज्ञानको आविर्भाव हुँदै जान्छ। नवीन ज्ञानको निर्माण पनि पूर्ववर्तीका योगदानका जगमा स्थापित हुन्छ । अग्रजका योगदानप्रति कृतज्ञ हुनु ज्ञान साधकको नैतिक दायित्व हो । पूर्ववर्ती ज्ञान वा दृष्टिकोणको परीक्षण, खण्डन, परिपुष्टि तथा पुनर्व्याख्याले ज्ञान समयसापेक्ष बन्छ। प्राप्त ज्ञानलाई लक्ष्यित समुदायसम्म पुर्‍याउन वैज्ञानिक वा प्राज्ञिक लेखनको सहायता लिनुपर्दछ। टङ्कणमा फन्ट अनुसारका अक्षर, कागजको आकार र किनारा, अनुच्छेद अनुच्छेद र पङ्क्ति पङ्क्ति बिचको अन्तराल जस्ता कुरा अनुसन्धानमूलक लेख तथा प्रतिवेदनका प्राविधिक पक्ष हुन्। सङ्ख्यालेखन र पृष्ठाङ्कन, तालिका, चित्र, आरेखको रखाइ र प्रयोग शीर्षकोपशीर्षकको रखाइको क्रम र ढाँचा, अनुच्छेदको प्रारम्भ, विस्तार र समापन, प्रत्यक्ष अप्रत्यक्ष उद्धरणको प्रयोग, सन्दर्भाङ्कन र सन्दर्भसूची प्रयोगका क्षेत्रमा स्पष्टता आवश्यक छ । लेखनमा प्रयोग हुने भाषाशैली, शब्दसङ्गठन र वाक्यसंरचनालाई प्राज्ञिक लेखनका सन्दर्भमा सचेततापूर्वक प्रयोग गर्नुपर्छ। प्राज्ञिक लेखनमा नैतिक मूल्यको प्रश्न निकै सोचनीय प्रश्न हो। प्रकाशित हुने सामग्रीको सामाजिक प्रभाव र गोपनीयताको सवालमा ध्यान दिएर मात्रै प्राज्ञिक लेखन गर्नु पर्दछ । लेखनका

सिलसिलामा सन्दर्भ सङ्केत गरिएका सामग्रीलाई व्यवस्थित तरिकाले सूचीकरण गर्नुपर्छ। यसले आलेखनलाई प्रामाणिक र आधिकारिक बनाउन सहयोग पुग्छ।

नेपाली भाषा नेपालीहरूको साझा सम्पर्कको भाषा हो । व्यावहारिक प्रयोजनमा मात्र नभएर प्राज्ञिक लेखनमा पनि यसको प्रयोग बढ्दै गएको छ। भाषिक शैक्षणिक साहित्यिक अनुसन्धानका साथै वाङ्मयका विभिन्न विषय क्षेत्रमा अनुसन्धानका कार्य हुँदै आएका छन्। अनुसन्धानको प्रस्ताव तथा शोधप्रतिवेदन नेपाली भाषामा लेख्ने प्रचलन बढ्दो छ। प्राज्ञिक / अनुसन्धानात्मक लेखन प्रमाणमा आधारित हुने भएकाले यसमा विश्वसनीयता र वैधता हुनुपर्छ । अनुसन्धानका समग्र प्रक्रियादेखि प्राप्ति तथा निष्कर्षलाई लक्ष्यित समुदायसम्म पुऱ्याउनका लागि अनुसन्धानात्मक लेख तथा प्रतिवेदन प्रस्तुत गर्न विभिन्न किसिमका प्राज्ञिक लेखनका शैली विकास भएका छन् । त्यस्ता शैलीमध्ये अमेरिकन साइकोलोजिकल एसोसिएसन (एपिए), मेम्बर अफ एसेम्बिनी (एमएलए), सिकागो स्टाइल, तुरेबियन स्टाइल, बेन्कुबर स्टाइल, हार्बट स्टाइल, बिली चाइनेज साइटेसन स्टाइल आदि बहुप्रचलित ढाँचा हुन्। एपिए शैलीको प्रयोग सर्वप्रथम शिक्षा, मनोविज्ञान, समाजविज्ञानका क्षेत्रमा गरिए पनि अहिले यसको व्यापकता ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा फैलिँदै गएको छ। नेपाली भाषाको प्राज्ञिक लेखनमा एपिए पद्धतिलाई हुबहु प्रयोग गर्न कठिन छ। नेपाली भाषाका विशेषतालाई ध्यानमा राखी एपिए शैलीको एउटा साझा पद्धति स्थापित गर्नु आवश्यक छ। यही आवश्यकता परिपूर्तिका दिशामा यो लेख एउटो पाइला बन्न सक्छ। यो लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली शिक्षा विभागले आयोजना गरेको 'शोधप्रस्ताव लेखन तालिम (२०८० जेठ १६, १८, १९)' मा प्रस्तुत कार्यपत्रको संशोधित रूप हो। उक्त गोष्ठीमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत उपत्यका भित्रका आङ्गिक क्याम्पस .(विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, महेन्द्ररत्न क्याम्पस, ताहाचल र सानोठिमी क्याम्पस, भक्तपुर) मा प्राध्यापनरत प्राध्यापकहरूको प्रतिनिधिमूलक संलग्नता थियो । उक्त गोष्ठीमा उठेका विषय र साझा निष्कर्षलाई समेत समावेश गरी यो आलेख तयार गरिएको छे। यसबाट देवनागरी लिपि प्रयोग गरी अनुसन्धान गर्ने विभिन्न तहका अनुसन्धातालाई प्राज्ञिक लेखनका लागि सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

## एपिए शैलीको परिचय

एपिए शैलीमा सर्वप्रथम सन् १९२३ मा एउटा जर्नल प्रकाशित गरियो। एपिए समितिले १९२९ मा सात पृष्ठको निर्देशिका (गाइडलाइन) बनायो । सन् २०२० मा यसको सातौं संस्करण प्रकाशित छ । अघिल्ला संस्करणका तुलनामा यसले स्पष्टता, समावेशिता र सञ्चार सम्बन्ध कायम राख्ने लक्ष्य राखेको छ। यसमा गुणात्मक, मात्रात्मक र मिश्रित अनुसन्धानका ढाँचा, अनुसन्धान लेख, अनुसन्धान प्रतिवेदन, अध्ययन पत्र, शोधपत्र, शोधप्रबन्ध र पुस्तक सेटिङको ढाँचा एवम् आदर, लिङ्ग, यौनिकता, अपाङ्ग, वर्ण, जाति मैत्री व्यवहार, पूर्वाग्रहरहित भाषा, सामाजिक, आर्थिक स्थिति र तिनको अन्तर्सम्बन्धको प्रस्तुतिबारे मार्गनिर्देशन दिइएको छ । त्यस्तै यसमा टङ्कण र छपाइ प्रविधि, चिह्न प्रयोग, मार्जिन र अन्तरालन, तालिका र आरेख/चित्र निर्माण र प्रयोग, अङ्कलेखन र चित्रप्रयोग, प्रकाशित र अप्रकाशित, लिपिबद्ध वा लिपिहीन ज्ञानको उद्धरण रखाइ, सन्दर्भाङ्कन र सन्दर्भ सूचीको ढाँचा पनि दिइएको छ। त्यस्तै उक्त कृतिमा म्इक्ष ९म्प्नष्तबष इदवभअत क्ष्मभलतषष्भच०, ग्चे ९ग्लषयक्च च्भकयगचअभ ियअबतयच०, अडियो, भिडियो, पावरप्वाइन्ट स्लाइट, कार्यशाला, गोष्ठी, कक्षाव्याख्यान टिपोट, वार्ता, सामाजिक सञ्जाल, वेभ पेजजस्ता विद्युतीय सूचनाको उद्धरण, सन्दर्भाङ्कन र सन्दर्भसूची राख्ने तरिकाबारे पनि चर्चा गरिएको छ।

**फन्ट :**

एपिएले लुसिदा र सन्स युनिकोडका लागि १० प्वाइन्ट, क्यालिबरी, एरियल र गोगिया फन्टका लागि ११ प्वाइन्ट र टाइम्स न्यु रोमनका लागि १२ प्वाइन्ट सिफारिस गरेको छ। नेपाली भाषाको शोधमा प्रिती फन्टको १६ प्वाइन्ट अक्षर प्रयोग हुँदै आएको छ। नेपालीमा जुन फन्ट प्रयोग गरे पनि सुरुदेखि अन्त्यसम्म एउटै प्वाइन्ट हुनुपर्छ।

**कागजको आकार :**

अनुसन्धानमा कागजको आकार ८.५×११ मानिएको छ।

**किनारा :**

अनुसन्धानात्मक लेखका तल, माथि, दायाँ, बायाँ १ इन्च तथा शोधपत्र वा शोधप्रबन्धका सन्दर्भमा वायाँतिर १.५ इन्च किनारा छाड्नुपर्छ। पृष्ठ संख्यामाथि दायाँतर्फ १, २ र ३ गरेर राखिन्छ। पाठ सुरु भएको अध्यायमा पृष्ठसङ्ख्या दिइँदैन तर त्यसको गणना गरिन्छ। प्रतिवेदनका औपचारिक र उत्तरवर्ती खण्डमा पृ. सं. का लागि क, ख पनि लेख्न सकिन्छ।

**अन्तराल :**

अनुच्छेद र अनुच्छेद एवम् पङ्क्ति र पङ्क्ति बिचको अन्तराल डबल स्पेस गरिएको छ। नेपाली भाषाका सन्दर्भमा १.५ स्पेसको अन्तराल उपयुक्त हुन्छ। यसको निर्धारण फन्टका आधारमा गरिनुपर्छ।

**सङ्ख्या :**

अनुसन्धानमा ०—९ अङ्कलाई अक्षरमा र १० भन्दा माथिको सङ्ख्यालाई अङ्कमा लेखिन्छ। समय, उमेर, प्रतिशत, महिना, वर्ष, ठुलो सङ्ख्या आदिलाई अङ्कमा राख्ने चलन पनि छ।

**अनुच्छेद मिलान :**

अनुच्छेदमा रहेका सबै पङ्क्तिको अग्रभाग बराबर बनाउनुपर्छ। (अनुच्छेदको सुरुको पङ्क्ति बाहेक) अनुच्छेदको पश्चभागमा रहेका पङ्क्तिलाई बराबर बनाइँदैन।

**अनुच्छेद प्रारम्भ :**

प्रत्येक अनुच्छेदको प्रारम्भमा अन्तराल ०.५ हुनुपर्छ। शोधसारको पहिलो अनुच्छेद अपवादका रूपमा रहन्छ। कुनै पनि पृष्ठको पुछारमा एकल शीर्षक र एकल पङ्क्ति राख्न पाइँदैन।

**प्रकाशन वर्ष :**

प्रकाशन वर्ष इस्बी सन्मा भए कोष्ठकमा सन् लेखेर प्रकाशन वर्ष दिनुपर्छ, जस्तै (सन्, २०२३)। नेपाली स्रोत सामग्रीका सन्दर्भमा भने वि.सं लेखिरहनु पर्दैन।

**भाषा :**

शोधको भाषा वस्तुपरक, स्पष्ट र तार्किक हुनुपर्छ। गुणात्मक प्रकृतिका शोधमा प्रथम पुरुष ढाँचामा पनि शोधकार्य गर्ने छुट छ। नेपाली सन्दर्भका अनुसन्धानमा तृतीय पुरुष शैलीको प्रयोग हुँदै आएको छ।

**शब्दसङ्गठन :**

एउटा शब्द एउटै पङ्क्तिमा लेख्नुपर्छ। कुनै एकाइको आधा भाग माथिल्लो पङ्क्तिमा र अर्को भाग तल्लो पङ्क्तिमा राख्न पाइँदैन। (मिति लेख्दा २०८० माथिल्लो पङ्क्तिमा र। ०६।१२ तल्लो पङ्क्तिमा लेख्न हुँदैन)

**नैतिक सुनिश्चितता :**

शोधमा लिङ्ग, जाति, वर्ग, वर्ण, क्षेत्र, पेसा आदिमा विभेद जनाउने भाषा प्रयोग गर्नु हुँदैन । त्यस्तै उत्तरदाताबाट लिइएका सूचनामा वैयक्तिक गोपनीयता राखेर नैतिक उत्तरदायित्व कायम गर्नुपर्छ।

**तालिका, चित्र, आरेख :**

एपिएले आरेख, वृत्त, फोटो, चार्ट, ग्राफ, मानचित्र आदि सबैलाई चित्र मान्छ। चित्रमा आकार अनुसार ८ देखि १४ फन्टसम्मको अक्षर प्रयोग गर्न पाइन्छ । नेपाली अनुसन्धानमा फन्टको आधारमा अक्षरको स्वरूप निर्धारण गर्नुपर्छ। तालिकामा सङ्ख्या वा शब्दमा लेखिएका सूचना राखिन्छ।

**पाठमा तालिका वा  चित्र :**

मूल पाठमा तालिका, चित्र आरेखको वर्णन गर्दा सङ्ख्या लेख्नुपर्छ। माथिको, तलको, अमुक पृष्ठको चित्रसङ्ख्या आदि उल्लेख गर्न पाइँदैन । पृष्ठसङ्ख्या वा अनुच्छेद परिवर्तन हुँदा तालिका, चित्र खल्बलिन्छन् । त्यसैले तालिका, चित्र आदि सकेसम्म सम्बद्ध पृष्ठमा नै समेट्नुपर्छ । सूचना बढी भएमा तालिका सङ्ख्यालाई क, ख गरेर पनि राख्न सकिन्छ।

**तालिकाको प्रयोग :**

शोधमा तालिका सङ्ख्या १, २ गरी देब्रे छेउमा लेख्नुपर्छ र गाढा बनाउनुपर्छ । तालिका थपिँदै जाँदा सङ्ख्या पनि थपिँदै जान्छ। तालिका सङ्ख्याको ठिक तल शीर्षक लेख्नुपर्छ र त्यसलाई छड्के (इटालिक) मा राख्नुपर्छ । तालिकामा ऊर्ध्वतलीय (ठाडो) रेखाको प्रयोग गरिँदैन । समतलीय (तेर्सा) रेखाको प्रयोग गर्न पाइन्छ। एउटा तालिकामा त्यस्ता रेखाहरू  सुरु र अन्त्य एवम् सूचनाको शीर्षक जनाउन मात्र प्रयोग गरिन्छन्। तालिकामा सम्बद्ध शीर्षकका तलपट्टि दिइने सूचनाको क्षेत्र वा उपक्षेत्र स्पष्ट, व्याख्येय र सम्प्रेष्य हुनुपर्छ। दिइएका सूचनाको स्रोत तालिकाको अन्त्यमा खुलाउने चलन पनि छ।

**तालिकाको रखाइको नमुना :**

**तालिका नं. १** ← तालिका नं. राख्ने, बोल्ड गर्ने

*कार्यकलापका लागि कक्षाको वातावरण* ← तालिका शीर्षक राख्ने, इटालिक गर्ने

| प्रतिक्रिया | प्रतिशत |
|---|---|
| अत्यन्त राम्रो | ५ |
| राम्रो | २० |
| समान्य | ४५ |
| नराम्रो | ३० |

स्रोत

**चित्र वा आरेख :**

विभिन्न प्रकारका ग्राफ, चार्ट, चित्र, फोटो, नक्सा आदिलाई चित्र वा आरेख भनिन्छ। चित्रलाई एउटै पृष्ठमा स्केल मिलाएर राख्नुपर्छ। चित्रसङ्ख्या १, २ गरेर गाढा अक्षरमा र चित्रशीर्षक तालिकामा जस्तै छड्के शैलीमा राखिन्छ। चित्रसम्बद्ध सूचना चित्रको प्रकृतिअनुसार विभिन्न स्वरूपमा राख्ने गरिन्छ।

**शीर्षक तथा उपशीर्षकको रखाइ :**

| | |
|---|---|
| पहिलो शीर्षक | **बिचमा राखी गाढा गर्ने।** |
| दोस्रो शीर्षक | **बायाँतिर राखेर गाढा गर्ने।** |
| तेस्रो शीर्षक | **बायाँतिरको ०.५ इन्च अन्तरालमा गाढा गरेर सापेक्ष विराम दिने** |
| पहिलो, दोस्रो र तेस्रो शीर्षक पछि अनुच्छेद लेख्दा इन्टर गरेर एक ट्याब दिई सुरु गर्ने | |
| चौथो शीर्षक | **बायाँतिरको ०.५ इन्च अन्तरालमा नै गाढा र तिर्यक् गरेर सापेक्ष विराम** (:) दिएर **सोही हरफबाट** अनुच्छेद सुरु गर्ने |
| पाँचौं शीर्षक | **बायाँतिरको ०.५ इन्च अन्तरालमा नै तिर्यक् गरेर सापेक्ष विराम (:) दिई सोही हरफबाट अनुच्छेद बनाउने।** |

**उद्धरणको परिचय र प्रयोग :**

अनुसन्धानका क्रममा मूलपाठमा यथावत् रूपमा राखिने सामग्रीलाई उद्धरण भनिन्छ। शोधको मूल पाठमा अतिआवश्यक सामग्री मात्र चयन गर्नुपर्छ। कुनै पनि शोधमा १० प्रतिशतभन्दा बढी प्रत्यक्ष उद्धरणको प्रयोग गर्न पाइँदैन। उद्धरणले शोधप्रतिवेदनलाई वैध, प्रामाणिक र आधिकारिक बनाउन सघाउँछ। अनावश्यक उद्धरणको राशले शोधकार्यलाई कृत्रिम, अस्वाभाविक र नीरस तुल्याउँछ।

**प्रत्यक्ष उद्धरण :**

अनुसन्धानमा सान्दर्भिक लेख, आलेख, पुस्तक आदिबाट यथावत् रूपमा लिइएका सामग्रीलाई प्रत्यक्ष उद्धरण भनिन्छ। यथावत् भन्नाले मूल सामग्रीका *पदपदावली, वर्णविन्यास* र *विरामचिह्न*हरू जेजस्ता छन्, त्यही रूपमा उतार गर्नु भन्ने बुझिन्छ। यस्ता सामग्रीमा कुनै त्रुटि देखियो भने सच्याउने काम नगरी सम्बन्धित त्रुटिका पछाडि कोष्ठक ( ) मा 'एवमेव' वा 'प्रश्नचिह्न' खडा गरेर गल्ती औँल्याउन सकिन्छ। अभ्र नेपाली साहित्यमा प्राथमिक र माध्यमिक कालीन स्रोतबाट सन्दर्भ सामग्री लिइएको छ भने त्यसको प्रयोगमा शोधार्थीको सचेतता अत्यन्त आवश्यक हुन्छ। यस्ता सामग्रीलाई हाल प्रचलित भषिक विन्यासको ढाँचामा राख्दा इतिहास समाप्त हुन्छ। तसर्थ शोधार्थीले इतिहास परम्पराको संरक्षण गर्न त्यस्ता सामग्रीबाट लिएका उद्धरणहरू जस्ताको तस्तै सार्नुपर्छ।

**आयामका आधारमा उद्धरण :**

**छोटो उद्धरण :** एपिए (लेखक मिति) पद्धति अनुसार अनुसन्धानमा ३९ शब्दसम्मका सामग्रीलाई छोटो उद्धरणमा राखिन्छ। यस्तो उद्धरणलाई दुवैतिर एकल उद्धरण दिई अनुच्छेद भित्रै मिलान गरिन्छ। मूल पाठमा

भएका पदपदावली वा वाक्य विषयान्तर वा अनावश्यक लागेमा तिनलाई विधिसम्मत रूपबाट हटाउन सकिन्छ। पदपदावली हटाउन तिनवटा थोप्ला... र वाक्य हटाउन चारवटा थोप्ला.... प्रयोग गर्ने प्रचलन छ। यस्तो प्रचलन उद्‌धृतांशका सुरु र अन्त्यको भाग हटाउनभन्दा पनि बिचको भाग हटाउन गरिन्छ । त्यस्तै उद्धरणको प्रारम्भ *उसले/उनले* जस्तो सर्वनामबाट प्रयोग भएका ठाउँमा पूर्वप्रसङ्ग खुल्न नसक्ने हुँदा सो खुलाउन सर्वनाम शब्दका पछाडि कोष्ठक चिह्न [ ] मा नाम लेख्नुपर्छ। अध्येताले सम्बन्धित अनुच्छेदमा सर्वप्रथम विषयजन्य भनाइ राखेपछि मात्र छोटो उद्धरणको प्रयोग गर्नुपर्छ। त्यसपछि फेरि आफ्ना विचार राखेर अनुच्छेद टुङ्ग्याउनुपर्छ।

**नमुना :** रामकृष्ण शर्मा नेपाली साहित्यका वरिष्ठ समालोचक हुन् । उनले नेपाली साहित्यमा अन्य साहित्यको प्रभाव परेको विषयमा चर्चा गरेका छन् । उनका विचारमा प्राचीन नेपाली साहित्य संस्कृतबाट प्रभावित भए पनि आधुनिक नेपाली साहित्य पाश्चात्य साहित्यबाट प्रभावित हुँदै आएको छ । नेपालीमा पाश्चात्य साहित्यको प्रभाव सोझै वा आधुनिक हिन्दी, बङ्गाली, उर्दू जस्ता छिमेकी साहित्यका माध्यबाट पनि आएको हुन सक्छ । उनी साहित्य सिर्जनामा देखिने बाह्य प्रभावका सशक्त विरोधी त होइनन् तर अन्धानुकरणलाई भने अस्वीकार गर्छन् । यस सन्दर्भमा उनी भन्छन् : “साहित्यिक विचार भावना र शैलीको आदान प्रदान हुने युगमा समस्त विश्व नै मिलेर एउटा समस्यामाथि विचार विमर्श गर्ने युगमा संस्कृत किंवा पुरानो चिनियाँ वा युनानी साहित्य जस्तो बाह्य प्रभावको अभाव भएको साहित्यको निर्माण आज हुन सक्दैन” ( २०५०, पृ. ७९) । यस भनाइले प्रभावैप्रभावको बिचमा बसेर भए पनि मौलिक साहित्यको निर्माण गर्नुपर्छ भन्ने अभिप्रांय राखेको देखिन्छ । यसरी हेर्दा उनले उचित परिष्कार र सम्मिश्रणका साथ बाहिरी साहित्यको प्रभावलाई नेपाली साहित्यमा निम्त्याउन सकिने कुरामा जोड दिन खोजेको पाइन्छ।

**लामो उद्धरण :** एपिए (लेखक मिति) पद्धतिअनुसार अनुसन्धानमा ४० वा सोभन्दा बढी शब्दका स्रोतसामग्रीलाई लामो उद्धरणमा राखिन्छ । ३९ शब्दभन्दा ‘छ’/‘हो’ मात्र पनि बढी भएमा त्यसलाई लामो उद्धरण भनिन्छ । यस्ता उद्धरणलाई छोटो उद्धरणलाई जस्तै अनुच्छेदभित्र सङ्गठित गर्न पाइँदैन । बरु अनुच्छेदभन्दा बाहिर ल्याई १.५ इन्च छाडी सबै पङ्क्तिलाई समान रूपमा प्रयोग गर्नुपर्छ। यसरी प्रयोग गर्दा उद्धतांशलाई उद्धरण चिह्नभित्र राख्न पाइँदैन। उद्‌धृत लामा सामग्री/उद्धरणभित्र युगल उद्धरण चिह्न छन् भने तिनलाई शोधमा एकल उद्धरण चिह्न दिई राख्नुपर्छ । एकल उद्धरण चिह्न प्रयोग गरिएको सामग्री भए त्यसलाई पनि एकल उद्धरण चिह्नभित्रै राखिन्छ । लामो उद्धरण प्रयोगमा उद्धरणभित्रको उद्धरण नराख्दा सन्दर्भ बुझिन्छ भने उद्धरण चिह्न राख्नै पर्छ भन्ने अनिवार्यता हुँदैन। लामो उद्धरणको प्रयोगमा भने विषयजन्य कुरा जति छन्, ती सबै राखेपछि मात्र उद्धरणको प्रयोग गरिन्छ । त्यसपछि सम्बन्धित अनुच्छेदमा छोटो उद्धरणमा झैँ अरू भनाइ राख्न पाइँदैन।

**नमुना :** साहित्य जीवनजगत्‌को सारभूत तत्त्व हो । समाजमा घटेको घटनाको प्रतिविम्ब साहित्यिक कृतिमा देखापर्छ । समाज आफैले साहित्यक कृतिको सिर्जना गर्न सक्दैन । समाजमा जन्मिएका व्यक्तिप्रतिभाका वैभवबाट साहित्यिक कृतिको रचना हुन्छ। साहित्य रचनामा व्यक्तिप्रतिभाको हात मुख्य हुन सक्ला तर समाजनिरपेक्ष अवस्थामा उसले कुनै पनि कलाकृतिको सिर्जना गर्न सक्दैन । जीवन भोगाइका क्रममा गाँस, बास र कपासको अपरिहार्यता रहन्छ । स्वस्थ, सुसंस्कृत र सभ्य भएर बाँच्नुलाई जीवनको सार्थकता मानिन्छ। जीवन रक्षा र संस्कार शुद्धिका निम्ति साहित्य उपयोगी माध्यम हुन्छ। साहित्यविनाको जीवन निरर्थक र अपूर्ण हुने भएकाले जीवनलाई सार्थक, उन्नतिशील र प्रभावकारी बनाउन समालोचक शर्माका दृष्टिकोणहरू मननीय छन् :

साधारणतः जीवन र साहित्य शब्द हामी बेग्लाबेग्लै अनुभूतिका निम्ति प्रयोग गर्छौं तर साहित्य जीवनको एउटा आवश्यक अङ्ग हो। यही अङ्गले हामी आफ्नो सभ्यताको जाँच गर्छौं। यथार्थमा कुनै जातिको सभ्यताको बढीकरण आध्यात्मिक विचारको उन्नति, वैज्ञानिक विचारको वृद्धि र आर्थिक कुशलताले भन्दा साहित्यिक विकासले नै असल तवरले अजमाउँछ। कारण साहित्यले हाम्रो सर्वश्रेष्ठ प्रयास, सर्वोच्च आदर्श उत्तमोत्तम अभिलाषा र शोचनीय असफलताको परिचय दिन्छ (२०३५, पृ. ३०)।

**प्रत्यक्ष उद्धरण प्रयोगको ढाँचा :**

प्रत्यक्ष उद्धरणका समाख्यानात्मक (Narrative Citation) र कोष्ठक (Parenthetical Citation) गरी दुई भेद छन्। समाख्यानात्मक उद्धरणमा लेखकको नाम कोष्ठक बाहिर हुन्छ र कथन अंशलाई उद्धरण चिह्नमा राखिन्छ। त्यसपछि कोष्ठकमा प्रकाशन वर्ष र पृ. सङ्ख्या दिइन्छ। कोष्ठक उद्धरणमा कोष्ठकभित्रै लेखकको नाम, प्रकाशन वर्ष र पृ. सङ्ख्या दिइन्छ र कथन अंशलाई उद्धरण चिह्नमा राखिन्छ।

**समाख्यानात्मक ढाँचाको उद्धरण प्रयोग :**

**एकल लेखन :** अनुसन्धानका बारेमा बन्धु (२०६५, पृ. १) भन्छन् : "अनुसन्धान भनेको व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण वा पुनर्व्याख्या गर्नु हो"।

**दुई लेखक :** शर्मा र पौडेल (२०६०) का मतमा "भाषा प्रयोगमा अभ्यस्त बनाउन भाषा शिक्षणमा साहित्यको प्रयोग गरिन्छ" (पृ. २)।

**तीन लेखक :** भण्डारी र अरू (२०७५, पृ.२) को भनाइ के छ भने "बालसाहित्यमा स्वस्थ्य मनोरञ्जन, उपयोगी शिक्षा व्याहारिक ज्ञान एवम् बालोपयोगी नवीन सूचना दिनुपर्छ"।

**संस्थागत लेखक :** *नेपाली साहित्यकोश* (२०५५, पृ. ५५१) मा भक्ति साहित्यको उत्पत्तिबारे यस्तो तर्क राखिएको छ, "उपास्यप्रतिको उपासकको भावात्मक अभिव्यक्तिबाट भक्तिसाहित्यको जन्म भएको पाइन्छ"।

**उद्धृत लेखक :** यस सन्दर्भमा खनाल (२०४५) को भनाइ उद्धृत गर्दै पोखरेल (२०६५, पृ.७०) भन्छन्, "बौद्धिक, नैतिक र आध्यात्मिक सबै चेतनाहरू मिली युग चेतना बनेजस्तै युगचेतनाको धपधप टल्कने टुप्पोजस्तो कविको चेतनामा पनि बौद्धिक, नैतिक र आध्यामिक अङ्गहरू पर्ने हुनाले बौद्धिकता कविको मुख्य अङ्ग हुन आउँछ"। यस भनाइबाट. ...।

**अज्ञात लेखक :** शोधसमीक्षामा शोधकार्यमा गरिने उद्धरण प्रयोगबारे अज्ञात लेखकले यसो भनेको पाइन्छ, "नेपाली साहित्यको प्राथमिक र माध्यमिक कालीन स्रोतबाट लिइएका सूचनालाई हाल प्रचलित भाषिक विन्यासको ढाँचामा राख्दा इतिहास समाप्त हुन्छ" (२०१०, अनु .३)।

**कोष्ठक उद्धरणको ढाँचा :**

**एकल लेखन :** "अनुसन्धान भनेको व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको परीक्षण वा पुनर्व्याख्या गर्नु हो" (बन्धु, २०६५, पृ.१)।

**दुई लेखक :** "भाषा प्रयोगमा अभ्यस्त बनाउन भाषा शिक्षणको साहित्यको प्रयोग गरिन्छ" (शर्मा र पौडेल, २०६०, पृ. २)।

**तीन लेखक** : “बालसाहित्यमा स्वस्थ्य मनोरञ्जन, उपयोगी शिक्षा व्याहारिक ज्ञान एवम् बालोपयोगी नवीन सूचना दिनुपर्छ” (भण्डारी र अरू, २०७५, पृ.२) ।

**संस्थागत लेखक** : “उपास्यप्रतिको उपासकको भावात्मक अभिव्यक्तिबाट भक्तिसाहित्यको जन्म भएको पाइन्छ” (नेराप्रप., २०५५, पृ. ५५१) ।

**उद्धृत लेखक** : यस सन्दर्भमा खनालको धारणा यस्तो छ, “बौद्धिक, नैतिक र आध्यात्मिक सबै चेतनाहरू मिली युग चेतना बनेजस्तै युगचेतनाको धपधप टल्कने टुप्पोजस्तो कविको चेतनामा पनि बौद्धिक, नैतिक र आध्यामिक अङ्गहरू पर्ने हुनाले बौद्धिकता कविको मुख्य अङ्ग हुन आउँछ” (पोखरेल, २०६५, पृ. ७०) । यस भनाइबाट ... ।

**अज्ञात लेखक** : “नेपाली साहित्यको प्राथमिक र माध्यमिक कालीन स्रोतबाट लिइएका सूचनालाई हाल प्रचलित भाषिक विन्यासको ढाँचामा राख्दा इतिहास समाप्त हुन्छ” (अज्ञात, २०१०, अनु .३) ।

**अप्रत्यक्ष उद्धरण** : पत्रपत्रिका, पुस्तक आदिबाट लिएका कथनलाई आफ्नै भाषाशैलीमा प्रस्तुत गर्ने प्रक्रियालाई अप्रत्यक्ष वा शब्दान्तरित उद्धरण भनिन्छ । यसमा भाषान्तरित वा अन्तर्भाषिक दुवै स्रोतबाट लिइएको मूल सामग्री सारमा प्रस्तुत गरिन्छ । विद्वान्हरूको भनाइ भनेर उम्कन वा आफ्नै विचारसरह अरुका स्रोतसामग्री उल्लेख गर्न पाइँदैन । मूल लेखको नाम किट्नै पर्छ । उद्धृत अंशलाई सारमा प्रस्तुत गरिने भएकाले यसमा उद्धरण चिह्नको अनिवार्यता पर्दैन ।

नमुना १

गुणात्मक र परिमाणात्मक अनुसन्धानका लागि नमुना छनोटका फरक फरक मान्यता तथा पद्धति रहेका छन् । कोलिन्स (सन् २००६, पृ ९४–९५) का अनुसार मिश्रित विधिको समवर्ती ढाँचा अन्तर्गत अन्तर्निहित नमुनाको आकार कम्तीमा ४.८ प्रतिशत हुनुपर्छ । ...

नमुना २

समय परिवर्तनशील भएकाले त्यसको प्रभाव स्रष्टाको कृतिमा देखापर्छ । प्राथमिक कालीन साहित्यकारको युग र चिन्तन, माध्यमिक कालीन तथा आधुनिककालीन साहित्यकारको युग र चिन्तन फरक खालको हुन्छ । साहित्यिक कृतिमा साहत्यिकारका युगको सामाजिक समस्या, चिन्तन र विश्वासलाई प्रस्तुत गरिएको हुन्छ । हिप्पोलाइट टेनले पनि साहित्यलाई दर्पणसँग तुलना गरी निश्चित युगको सत्य प्रस्तुत गर्ने माध्यम मानेका छन् । यसलाई स्पष्ट पार्न उनले एक शताब्दी र अर्को शताब्दीका साहित्यको तुलना गरी ती दुई युगका भिन्न सामाजिक अवस्थालाई अगाडि सारेका छन् (क्षेत्री, २०६४) । स्रष्टाले पनि आफ्नो युगजीवनको महत्त्वपूर्ण विचार वा मान्यता कृतिमा प्रस्तुत गरेको हुन्छ । तसर्थ क्षणका आधारमा कृतिको विश्लेषण गर्दा कृतिभित्रको क्षण वा समय र कृतिबाहिरका वास्तविक क्षण वा समयका बिचको सत्यता पाहिल्याउने काम गरिन्छ ।

**अप्रत्यक्ष उद्धरण प्रयोगको ढाँचा :**

अप्रत्यक्ष उद्धरणका पनि समाख्यानात्मक (Narrative Citation) र कोष्ठक (Parenthetical Citation) गरी दुई भेद हुन्छन् । समाख्यानात्मक उद्धरणमा लेखकको नाम कोष्ठक बाहिर तथा कोष्ठकमा प्रकाशन वर्ष दिइन्छ । कोष्ठक उद्धरणमा कोष्ठकभित्रै लेखकको नाम र प्रकाशन वर्ष राखिन्छ । यी दुवै भेदमा उद्धरण चिह्नको प्रयोग गरिँदैन ।

**समाख्यानात्मक ढाँचाको उद्धरण प्रयोग :**

**एकल लेखन :** बन्धु (२०६५) ले व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको पुनर्परीक्षणलाई अनुसन्धान भनेको पाइन्छ ।

**दुई लेखक :** शर्मा र पौडेल (२०६०) का अनुसार सिकारुलाई भाषा प्रयोगमा अभ्यस्त बनाउन भाषा शिक्षणमा साहित्यका विभिन्न विधाको उपयोग गरिन्छ।

**तीन लेखक :** बालसाहित्यमा स्वस्थ्य मनोरञ्जन, उपयोगी शिक्षा, व्याहारिक ज्ञान एवम् बालोपयोगी नवीन सूचना हुनुपर्ने विचार भण्डारी र अरु (२०७५) को छ।

**संस्थागत लेखक :** *नेपाली साहित्यकोश* (२०५५) मा उपास्यप्रतिको उपासकको भावात्मक अभिव्यक्तिबाट भक्तिसाहित्यको जन्म हुने विषयलाई प्रस्ट पारिएको छ ।

**उद्धृत लेखक :** यस सन्दर्भमा खनालका भनाइ उद्धृत गर्दै पोखरेलले बौद्धिक, नैतिक र आध्यात्मिक सबै चेतनाहरू मिली युग चेतना बनेजस्तै युगचेतनाको धपधप टल्कने टुप्पोजस्तो कविको चेतनामा पनि बौद्धिक, नैतिक र आध्यामिक अङ्गहरू पर्ने हुनाले बौद्धिकता कविको मुख्य विषय हुने औँल्याएका छन् (२०६५ )। यस भनाइबाट

**अज्ञात लेखन :** शोधकार्यमा गरिने उद्धरण प्रयोगको चर्चा गर्दै *शोधसमीक्षा*मा शोधकार्यमा गरिने उद्धरण प्रयोगको चर्चा गर्दै नेपाली साहित्यको प्राथमिक र माध्यमिककालीन स्रोतबाट लिइएका सूचनालाई हाल प्रचलित भाषिक विन्यासको ढाँचामा राख्दा इतिहास समाप्त हुने कुरा बताइएको छ (२०१०)।

**कोष्ठक उद्धरणको प्रयोग ढाँचा :**

**एकल लेखन :** व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउनु र पुरानै तथ्यको पुनर्परीक्षण गर्नुलाई अनुसन्धान भनिन्छ (बन्धु, २०६५)।

**दुई लेखक :** सिकारुलाई भाषा प्रयोगमा अभ्यस्त बनाउन भाषा शिक्षणमा साहित्यका विभिन्न विधाको उपयोग गरिन्छ (शर्मा र पौडेल २०६०)।

**तीन लेखक :** बालसाहित्यमा स्वस्थ्य मनोरञ्जन, उपयोगी शिक्षा, व्याहारिक ज्ञान एवम् बालोपयोगी नवीन सूचना हुनुपर्ने विचार राखिएको छ (भण्डारी र अरू, २०७५)।

**संस्थागत लेखक :** उपास्यप्रतिको उपासकको भावात्मक अभिव्यक्तिबाट भक्तिसाहित्यको जन्म हुन्छ ( नेपाल प्रज्ञापतिष्ठान, २०५५)।

**उद्धृत लेखन :** यस सन्दर्भमा खनाल (२०४५)को भनाइ उद्धृत गर्दै बौद्धिक, नैतिक र आध्यात्मिक चेतना मिली युग चेतना बन्ने भएकाले त्यसको प्रभाव कविको चेतनामा र सिर्जनामा पनि पर्ने बताइएको छ (पोखरेल, २०६५।

**अज्ञात लेखन :** शोधपरम्परामा नेपाली साहित्यको प्राथमिक र माध्यमिककालीन स्रोतबाट लिइएका सूचनालाई हाल प्रचलित भाषिक विन्यासको ढाँचामा राख्दा इतिहास समाप्त हुन्छ (अज्ञात, २०१०)।

**सन्दर्भाङ्कन प्रयोगको तरिका :**

शोधकार्यका मूल पाठका प्रसङ्ग आएकै ठाउँमा सन्दर्भस्रोत खुलाउने प्रक्रियालाई सन्दर्भाङ्कन भनिन्छ। अध्ययनलाई विश्वसनीय र प्रामाणिक बनाउन अनुसन्धानात्मक कार्य वा लेखमा अन्तर्पाठीय सन्दर्भ दिइन्छ। पाठभित्र सन्दर्भ आएकै स्थानमा कोष्ठकभित्र तुरुन्तै टिप्पणी गर्ने प्रक्रियालाई अन्तर्पाठीय वा गर्भे टिप्पणी

भनिन्छ। सन्दर्भाङ्कनको यो प्रक्रिया अन्य प्रक्रियाका तुलनामा छोटो भएकाले शोधकार्यमा यसको लोकप्रियता बढ्दो छ। लेखक मिति पद्धतिका आधारमा अन्तर्पाठीय सन्दर्भाङ्कन गर्दा विभिन्न पक्षमा ध्यान दिनुपर्छ ।

**मिति र पृष्ठ :** शोधकार्यमा सन्दर्भाङ्कन गर्दा उद्धृत सन्दर्भको पृष्ठ, अनुच्छेद र स्थान सङ्ख्या दिनुपर्छ । कृतिको पृष्ठ सङ्ख्या नभएको भए त्यस्तो ठाउँ जनाउन कोष्ठकमा प्रश्नचिह्न (?) राखिन्छ । प्रकाशन मिति नखुलेको ठाउँमा कोष्ठकमा मिबे (मिति बेगर) लेख्ने प्रचलन छ। सन्दर्भाङ्कनमा स्लाइटलाई पनि स्लाइट सङ्ख्या १, २, ३ लेखी प्रविष्टि दिन सकिन्छ।

**नाम :** उद्धरणमा सन्दर्भाङ्कन गर्दा पछिल्लो नाम थरमात्र लेख्नुपर्छ। उपाधि र मानबोधक (डा., प्रा., पं., भू.पू. जस्ता) शब्द उल्लेख गरिँदैन।

**लेखक :** दुई जनासम्म लेखक भए सबैको थर उल्लेख गर्नुपर्छ।

(शर्मा र पौडेल, २०६०, पृ. ४७)

**बहुलेखक :** तीन वा सो भन्दा बढी लेखक भएको उद्धरणमा सन्दर्भाङ्कन प्रयोग गर्दा सर्वप्रथम अघिल्लो लेखकको नाम लेखी अन्य/अरू लेख्नुपर्छ। यसमा पछिल्ला दुई जना लेखकका बिचमा संयोजक थप्नुपर्छ।

(पराजुली र अन्य, २०६७, पृ.५०)।

**समूह लेखक :** संस्थागत सूचनामा समूह लेखनको भूमिका रहन्छ। त्यस्तो अवस्थामा व्यक्ति लेखकभन्दा संस्थाको नाम लेख्नुपर्छ।

(नेराप्रप्र, २०५५, पृ. ५२५)

**लेखको स्रोत :** लेखकको नाम नभएको वा छुटेको भए लेखकको नाम दिने ठाउँमा नाम नभएको वा नाम छुटेको वा अज्ञात लेख्नुपर्छ।

(अज्ञात, २०७९, पृ.२५)

**एउटै थरका दुई लेखक :** एउटै थरका दुई जना लेखक भएमा कृतिको सन्दर्भाङ्कन गर्दा प्रकाशन वर्षलाई आधार बनाउनुपर्छ ।

(त्रिपाठी, २०६६ र त्रिपाठी, २०७३)

**प्रकाशन समय :** कृतिको मूल प्रकाशन वर्षलाई पहिले र हालको प्रकाशन वर्षलाई अन्त्यमा राख्नुपर्छ। अन्य विधाका तुलनामा कविता सर्वप्राचीन विधा मानिन्छ (कडबेल, सन् १९३७/१९९३, पृ.१२)।

**लेखक एक कार्य अनेक :** एउटै लेखकका फरक वर्षमा प्रकाशित कृतिलाई प्रकाशन वर्षको क्रमअनुसार सन्दर्भाङ्कन दिनुपर्छ।

(अधिकारी, २०६४, पृ. १२ ; २०६७, पृ. १५; २०७४, पृ. २५ ; २०७८, पृ. ५९)

**वर्ष एक प्रकाशन अनेक :** एउटै लेखकका एकै वर्षमा एकभन्दा धेरै कृति प्रकाशन भए ती कृतिलाई वर्णानुक्रमका आधारमा क, ख, ग गरी सन्दर्भाङ्कन दिनुपर्छ।

(गौतम, २०६४$_{क}$, पृ. २७; २०६४$_{ख}$, पृ. १०)

**कविताांशको प्रविष्टि :** दुई पाउ (पङ्क्ति) वा सो भन्दा माथिको पद्यांशलाई पृथक् अनुच्छेदमा राख्नुपर्छ।

नवैलिने फूल मेरी बिम्फी बोल हो

आँखा खोल मालती ! आँखा खोल हो।

(घिमिरे, २०६४, पृ. ४९ )

**एउटै सन्दर्भमा एकाधिक स्रोतको उपयोग :** दुई वा सो भन्दा बढी कृतिले एउटै सूचना दिएका सन्दर्भमा बहुस्रोत उल्लेख गर्न सकिन्छ।

शोधसमस्याको निराकरणका लागि शोध अन्तरालको खोजी आवश्यक हुन्छ र त्यसका लागि सम्बद्ध पूर्वाध्ययनको समीक्षा महत्त्वपूर्ण आधार बन्छ (बन्धु २०५३/२०६५ र श्रेष्ठ, २०७७)।

**बहुस्रोतको एकै ठाउँ प्रयोग :** बहुस्रोतको सन्दर्भाङ्कन गर्दा एउटा स्रोत दिएपछि अर्द्धविराम चिह्न दिँदै थप स्रोत पनि उल्लेख गर्दै जानुपर्छ ।

(अधिकारी, २०५०, पृ.११; अधिकारी र शर्मा २०५४, पृ.२२; शर्मा र पौडेल २०६०, पृ.४३)

**शब्दकोशको स्रोत :** शब्दकोशबाट लिएका सूचनामा कोशको नाम र प्रकाशन वर्षमात्र दिँदा हुन्छ, पृष्ठ सङ्ख्या दिनुपर्दैन।

(नेपाल प्रज्ञा प्रतिष्ठान, २०७४)

**कृतिको संक्षिप्त रूप** : कुनै कृतिको नाम लामो भए पनि व्यवहारमा त्यसको संक्षिप्त रूप प्रचलित हुन सक्छ। यस्तो स्थितिमा सन्दर्भाङ्कन गर्दा प्रथमपटक त्यस कृतिको पूरा नाम लेख्ने र दोस्रो पटक त्यसको स्रोत खुलाउँदा संक्षिप्त रूपको उद्धरण दिनुपर्छ।

**पहिलो पटक :** (नेपाली बृहत् शब्दकोश [नेबृश], २०४०)

(नेपाली शाकुन्तल महाकाव्य [शाकुन्तल], २००२)

(नेपाली कविताको सिंहावलोकन [सिंहावलोकन], २०२७)

**दोस्रो पटक :**

| | |
|---|---|
| नेबृश (२०४०) | (नेबृश, २०४०) |
| शाकुन्तल (२००२) | (शाकुन्तल, २००२) |
| सिंहावलोकन (२०२७)) | (सिंहावलोकन, २०२७)) |

**पावर प्वाइन्टमा भएका सामग्रीको स्रोत**

पोखरेल (२०७९, पृ. ४)

Pokharel (PPS 2079. p. 4)

**पूर्वकार्यमा सन्दर्भाङ्कन** : पूर्वकार्यको समीक्षामा समग्र पाठ पढी त्यसको सार दिइन्छ। त्यसैले प्रकाशन वर्षमात्र लेखिन्छ। यो समीक्षात्मक प्रकृतिको हुन्छ।

१ पोखरेल (सन् २०२०) ले बसाइँ उपन्यासमा ईश्वर, धनसम्पत्ति, पश्चात्ताप, मानवता, पुनर्जन्म, परलोकजस्ता लोकव्यवहारका विविध पक्षको चित्रण गरेका छन्।

२. अधिकारी र शर्मा (२०५६) ले भाषा पाठ्यपुस्तकबाट शिक्षकलाई विद्यार्थीको स्तर, मानसिक र बौद्धिक क्षमताअनुसार गृहकार्य, पुनरावृत्ति र अभ्यासका साथै शिक्षण कार्यकलापमा सहयोग पुग्ने बताएका छन्।

३ डोग्लस (सन् २०१०) ले उपलब्धि तथा सक्षमता परीक्षणबाट विद्यार्थीको भाषिक सिपको आँकलन गर्न सकिने दृष्टिकोण राखेका छन्।

४ यस अध्ययनको सैद्धान्तिक आधार तय गर्नाका लागि हिटन (सन् १९८८), ओलर (सन् १९७९), हाइम्स (सन् १९७२) बुक (सन् २०१०), लुओमा (सन् २००४) र खनिया (सन् २०१३) आदिका मतलाई लिइएको छ।

**अनुच्छेद संरचनामा सन्दर्भाङ्कन प्रयोग :**

अनुच्छेद संरचनामा शीर्षवाक्य, विस्तारित वाक्यसमूह र निष्कर्ष वाक्य प्रयोग गर्नुपर्छ। प्राज्ञिक लेखमा त्यस अनुच्छेदको केन्द्रीय कथ्य शीर्षवाक्यमै रहनुपर्छ। प्रस्तुतिलाई आधिकारिक र विश्वसनीय तुल्याउन केन्द्रीय कथ्य वा विचारको विस्तृतीकरण विस्तारित वाक्यहरूमा गरिन्छ। अनुच्छेदको वाक्यशृङ्खला नयाँ पुराना सूचनाका क्रमबद्धतामा अगाडि बढ्दै जान्छन्। त्यस्ता वाक्यमा पूर्वसूचनाका लागि यो, यी, यस्तै जस्ता सारांशीकरण जनाउने शब्द प्रयोग गरिन्छन्। अनुच्छेदको अन्त्यमा समग्र सूचना र विचारका बिच समन्वय कायम राख्न अन्त्यमा, निष्कर्षमा यसरी जस्ता पदपदावलीको प्रयोग नगरे पनि अन्तिम वाक्यले त्यस अनुच्छेदको सार बुझाउने गर्छ। उद्धरण र सन्दर्भाङ्कनको प्रयोग विस्तारित वाक्यका परिधिमा मात्र गरिन्छ मुख्य वाक्य र निष्कर्ष वाक्यमा गर्न पाइँदैन।

नमुना १

भाषा मानवीय उच्चारण अवयवद्वारा निःसृत ध्वनिहरूको सार्थक सङ्घटन हो। **शीर्षवाक्य/विचारवाक्य)** यसको प्रयोग विचारविनियमका निम्ति गरिन्छ। प्रयोक्ताको भौगोलिक विकटता र सामाजिक प्रकार्यका दृष्टिले एउटै भाषाबाट अनेकौँ भाषिकाहरू जन्मिन्छन्। जुन भाषिकाले सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, साहित्यिक, प्रशासनिक, धार्मिक लगायतका क्षेत्रमा लोकप्रियता हालिस गरेको हुन्छ; मानकीकरण एवम् आधुनिकीकरणका दृष्टिले पनि सम्पन्न हुन्छ; त्यही भाषिका नै कालान्तरमा गएर भाषाका रूपमा स्थापित हुन पुग्छ (पोखरेल, २०७४)। नेपाली, गढवाली र कुमाउनी जस्ता भाषाहरू उहिलेको खस भाषाका भाषिका हुन्। यी अहिले आएर छुट्टाछुट्टै भाषाका रूपमा चिनिन्छन्। भाषाले जति सम्पन्नता र व्यापकता अनि प्रयुक्तिका क्षेत्रमा विविधता अँगाल्दछ, त्यति नै त्यस भाषाका भाषिक भेद देखिन थाल्छन् बन्धु (२०७३)। **( विस्तारित वाक्य)** तसर्थ भौगोलिक, सामाजिक प्रयुक्तिगत दृष्टिले व्यापकता र विविधता ओगटेको लोकप्रिय र मानक भाषिक स्वरूपलाई भाषा भनिन्छ (निष्कर्ष वाक्य)।

१ कुनै कृति वा पाठमा पृष्ठसङ्ख्या भएन भने त्यस अवस्थामा उद्धरण उद्धृत गर्दा अनुच्छेद सङ्ख्या उल्लेख गरिन्छ। यस्तो उद्धरण प्रत्यक्ष वा अप्रत्यक्ष दुवै हुन्छ।

गुरुप्रसाद मैनालीको अभागी कथामा गंगा, माधव र कृष्णजस्ता पात्रको अवस्था दयनीय रहेको सन्दर्भ यसप्रकार उल्लेख गरिएको छ :

नमुना १

"हजुर ! केके न गरिदिउँला भन्थेँ, मेरो यही गत भो ! कृष्ण बालक छ, त्यस अनाथमाथि दया गर्नुहोला" ( २०६९, अनु. ३) ।

नमुना २

जन्मेपछि एक न एक दिन मर्नैपर्छ । जीवन कर्कलाको पानीजस्तै क्षणिक छ । तैपनि, मान्छे बाँच्नका लागि सङ्घर्ष गर्छ । डाक्टर, धामी, झाँक्री, वैद्य आदिका औषधी र फुकफाकले पनि निको नभएपछि गंगाको अन्त्यावस्था आइसकेको र कालसँग जुध्ने क्षमता कसैमा नरहेको धारणा व्यक्त गरिएको छ (२०६९, अनु. ४) ।

**सन्दर्भसूची :** अनुसन्धानात्मक लेख वा शोधकार्यमा उपयोग गरिएका महत्त्वपूर्ण सामग्रीलाई सन्दर्भ कृतिसूची भनिन्छ । यसलाई जनाउन सन्दर्भ ग्रन्थसूची, सन्दर्भ स्रोतसामग्री, कृतिसूची जस्ता नाम पनि प्रयोगमा आउने गरेका छन् । अनुसन्धाताले लेख वा शोधग्रन्थका अन्त्यमा सन्दर्भ सामग्रीसूची दिएको हुन्छ । यस्तो सूचीबाट शोधार्थीले उपयोगमा ल्याएका पुस्तक, शोधप्रबन्ध, सरकारी र गैरसरकारी प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, अप्रकाशित अभिलेख वा पाण्डुलिपि, श्रव्यदृश्य सामग्रीको जानकारी लिन सकिन्छ । विद्यावारिधि तहका उपाधिका निम्ति यस्ता सामग्रीहरूको वर्गीकृत रखाइ अनिवार्य हुन्छ तर स्नातकोत्तर तह र दर्शनाचार्यका तहमा भने सम्पूर्ण सामग्रीलाई वर्णानुक्रमिक ढाँचामा प्रस्तुत गरिन्छ ।

सन्दर्भ सामग्री व्यवस्थापनका विभिन्न शैली छन् । खासगरी नेपाली सन्दर्भमा लेखक पृष्ठपद्धति ९ीब क्तथभि० र लेखक मिति पद्धति ९बए्ब क्तथभि० गरी गरी दुईवटा ढाँचा प्रचलित छन् । मानविकीतिरका कतिपय विषयमा अनुसन्धान गर्नेले अघिल्लो पद्धतिमा र शिक्षाशास्त्र र समाजशास्त्रका अनुसन्धाताहरूले पछिल्लो पद्धतिमा जोड दिँदै आएको पाइन्छ । सम्बन्धित विभाग, विषयको प्रकृति, डिन कार्यालय र शोध गराउने संस्थाको निर्देशनअनुसार सन्दर्भसामग्री राख्नु उपयुक्त हुन्छ ।

**सन्दर्भसूचीको रखाइ :** सन्दर्भ स्रोत खुलाउँदा को, कहिले, के, कहाँ यी चारबटा पक्षमा ध्यान दिनुपर्छ ।

को : जिम्मेवार व्यक्ति /लेखक

कहिले : प्रकाशन वर्ष,

के : शीर्षक

कहाँ : प्राप्तिस्रोत

**इटालिक :** पुस्तक, जर्नल, पत्रपत्रिका र शोधपत्रका शीर्षक, जर्नलका भोलुम, *मयष* हाइपरलिंकलाई गाढा अक्षरमा नराखी वक्र बनाउनुपर्छ ।

**प्रकाशन :** पुस्तकमा प्रकाशन संस्थाको नाम लेखिन्छ । प्रकाशन स्थानको विवरण आवश्यक मानिँदैन । पत्रिका, जर्नल आदिमा भने वर्ष, अङ्क आदिको सूचना दिइन्छ । प्रकाशन स्थान र प्रकाशन संस्थाको नाम राखिँदैन ।

**संस्करण :** पुस्तकको संस्करण उल्लेख गर्दा सचेत हुनुपर्छ । पहिलोपटक प्रकाशित कृतिमा संस्करण लेखिँदैन । दोस्रो पटकदेखि संस्करण लेखिन्छ । ते. सं. लेख्दा तेह्रौं, तेइसौं छुट्टिँदैन । तसर्थ एकरूपताका लागि दोस्रो संस्क, तेस्रो संस्क. गरेर लेख्नुपर्छ ।

**अप्रकाशित सामग्री :** अप्रकाशित वा प्रकाशोन्मुख पाण्डुलिपिमा मिति लेखिएको भए सो उल्लेख गर्नुपर्छ नत्र खालि छाड्नुपर्छ । त्यो पाण्डुलिपिको प्राप्तिस्रोत (व्यक्ति, पुस्तकालय, विभाग, विश्वविद्यालय) उल्लेख गर्नुपर्छ ।

**पृष्ठढाँचा :** नयाँ पृष्ठबाट सन्दर्भसूची थालिन्छ। प्रत्येक पङ्क्ति दोहोरो स्पेसमा रहन्छ। प्रिती फन्टका सन्दर्भमा१.५ प्वाइन्ट स्पेस राख्नुपर्छ। सन्दर्भसूची शीर्षभागमा गाढा गरेर राखिन्छ।

**अनुच्छेद :** हरेक स्रोतको थालनी नयाँ अनुच्छेदबाट गर्नुपर्छ। पहिलो पङ्क्तिमा स्रोतसूची नअटाए दोस्रो पङ्क्तिको थालनीमा ०.५ को अन्तराल राख्नुपर्छ।

**सन्दर्भको क्रम :** प्रत्येक स्रोतलाई लेखकको थरको वर्णानुक्रमअनुसार राखिन्छ। लेखक नभए कृति वा लेखको पहिलो वर्णलाई आधार बनाइन्छ।

**नाम :** एकजना लेखक भए सर्वप्रथम उसको थर, नाम (कोष्ठकमा मिति), कृतिनाम, संस्करण, प्रकाशन संस्था, क्रमशः लेखिन्छ । बहुलेखक भएमा कृतिमा रहेका नामको क्रम अनुसार सन्दर्भसूची राखिन्छ । यसमा रखाइको क्रम उल्टोपाल्टो पार्न पाइँदैन।

**थोप्लो / अल्पविराम :** देवनागरी लिपिको सन्दर्भाङ्कन गर्दा दुईवटा तरिका अँगालिन्छ। तरिका १ मा थरका पछाडि अल्पविराम (,) चिह्न दिई बिचमा थोप्लो (.) र अन्त्यमा पूर्णविराम चिह्नको प्रयोग गरिन्छ। तरिका २ मा पनि थर, प्रकाशन वर्ष, कृतिका पछाडि अल्पविराम (,) चिह्न दिई अन्त्यमा पूर्णविराम चिह्नको प्रयोग गरिन्छ । एउटा लेख वा शोधमा एउटै तरिका अँगाल्नुपर्छ । दुवै तरिकालाई छ्यासमिस गरेर लेख्न पाइँदैन।

१. पोखरेल, केशवराज (२०७७). *पूर्वीय र पाश्चात्य समालोचना.* सनलाइट पब्लिकेसन्स।

२. पोखरेल, केशवराज (२०७७), *पूर्वीय र पाश्चात्य समालोचना,* सनलाइट पब्लिकेसन्स।

**संक्षिप्त रूपको प्रयोग :**

अनु. अनुवाद, पृ. पृष्ठ, संस्क. संस्करण, त्रिवि. त्रिभुवन विश्वविद्यालय

**इमेल र व्यक्तिगत सञ्चार :** पाठकले पुनः प्राप्त गर्न नसक्ने व्यक्तिगत सञ्चार पत्र, मेमो, इमेल, अन्तर्वार्ता, टेलिफोन कुराकानीलाई सन्दर्भसूचीमा राखिँदैन।

**अंग्रेजी स्रोत :** अङ्ग्रेजीका सामग्रीलाई पनि देवनागरी लिपिकै थर र नामअनुसार राख्न सकिन्छ । अध्येताले प्रत्येक लेख वा प्रतिवेदनमा एउटै ढाँचाको प्रयोग गर्नुपर्छ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट*, राउटलेज।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* पियर्सन।

लेखकको थर देवनागरी लिपिमा लेखी त्यसपछि अंग्रेजी सन्दर्भ स्रोत दिने चलन पनि छ ।

**पउल र एलडर**/एबगा, च बलम भमिभच, ी। ९द्दण्ञघ *0। ज्इध त्इ ध्चक्तभ ब एञ्चञ्न्चब्एज तजभ ब्चत या क्गादकतबलतष्खभ। ध्चष्तष्लन।* च्यधकबल बलम ीष्ततभिाष्भमि।

सन्दर्भसूचीमा देवनागरी र रोमन दुवै लिपि प्रयोग गर्नुपर्ने अवस्थामा सर्वप्रथम देवनागरी लिपिको सन्दर्भस्रोत दिएपछि मात्र रोमन रोमन लिपिको सन्दर्भ स्रोत खुलाउनु पर्छ।

त्रिपाठी, वासुदेव ( २०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (भाग२), साझा प्रकाशन

Burgess, R. (2019). *Rethinking global ealth: Frameworks of power*. Routledge.

**एकल लेखक :**

भण्डारी, पारसमणि (२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, विद्यार्थी पुस्तक भण्डार।

मैनाली, गुरुप्रसाद (२०२०/२०६९), *नासो (*उन्नाइसौं संस्क.), .साझा प्रकाशन।

लंसाल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार।

**एक लेखकका अनेक कृति :**

बन्धु, चूडामणि (२०५०), *भाषाविज्ञान* (छैटौं संस्क.), साझा प्रकाशन।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार।

बन्धु, चूडामणि (२०६६), *भाषाविज्ञानका सम्प्रदाय* (तेस्रो संस्क.), एकता बुक्स।

**एकल लेखकका फरक संस्करणका कृति :**

अधिकारी, हेमाङ्गराज (२०५९), सामाजिक र प्रायोगिक भाषाविज्ञान (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार।

अधिकारी, हेमाङ्ग राज (२०७४), सामाजिक र प्रायोगिक भाषा विज्ञान (छैटौं संस्क.), रत्न पुस्तक भण्डार।

**एउटै लेखकका एकै वर्ष प्रकाशित कृति :**

गौतम, कृष्ण (२०६४क), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी प्रकाशन

गौतम, कृष्ण  (२०६५ख), *उत्तरसिद्धान्त,* भृकुटी प्रकाशन

गौतम, कृष्ण (२०७१., *देवकोटाका प्रबन्धकाव्य,*  भृकुटी प्रकाशन

**दुई वा तीन लेखक**

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५), *पाठ्यक्रम दिग्दर्शन,* विद्यार्थी पुस्तक भण्डार।

**समूह लेखनको सन्दर्भ**

अमेरिकन साइकोलोजिकल एसोसियसन (सन् २०२०), *पब्लिकेसन म्यानुयल अफ द अमेरिकन साइकोलोजिकल एसोसियसन* (सातौं संस्क.), अमेरिकन साइकोलोजिकल एसोसियसन।

**सङ्कलनमा रहेको लेख**

पोखरेल, माधव प्रसाद (२०७४),  देवनागरी लिपि, *सम्पा. चूडामणि बन्धु, नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृ.१०–३०), अक्षर सदन।

**सम्पादककै नाउँबाट कृति प्रविष्टि**

बराल, ईश्वर (सम्पा.) (२०४५), *झ्यालबाट* (तेस्रो संस्क.), साझा प्रकाशन।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज तथा सुवेदी, केशव (सम्पा).(२०४८/२०५३), नेपाली कविता भाग ४ (दोस्रो संस्क.), साझा प्रकाशन।

**सम्पादित कृतिभित्रको लेख**

बन्धु, चूडामणि (२०७४), लेखन पद्धति र नेपालमा प्रचलित लिपिहरू, सम्पा. चूडामणि बन्धु, *नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृ. १–९). अक्षर सदन।

**अनूदित ग्रन्थ**

कडबेल, क्रिस्टोफर (सन् १९९३), *विभ्रम औ यथार्थ* (भगवान् सिंह, अनु.), राजकमल प्रकाशन प्रा. लि.(मूल कृति प्रकाशन सन् १९३७)।

लुइस, क्यारोल (२०४९), *अनौठो देशमा एलिस,* अनु. चूडामणि बन्धु, एकता प्रकाशन (मूल प्रकाशन ?।

**सम्पादित कृतिभित्रको अनूदित लेख**

बन्धु, चूडामणि (२०७४), लेखन पद्धति र नेपालमा प्रचलित लिपिहरू, सम्पा. चूडामणि बन्धु, *नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति. समस्या र समाधान* (पृ.१–९), अक्षर सदन।

मार्क्स र एङ्गेल्स (२०७२), सामाजिक अस्तित्व र सामाजिक चेतना (कृष्णचन्द्र शर्मा, अनु.), कृष्णचन्द्र शर्माद्वारा सम्पादित *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू* (पृ. १३–१४), नेपाल प्रज्ञाप्रतिष्ठान।

**संस्थागत सामग्री/आयोगको प्रतिवेदन**

राष्ट्रिय भाषानीति सुझाव आयोग (२०५०), *राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन २०५०,* राष्ट्रिय भाषानीति सुझाव आयोग ।

**अप्रकाशित सामग्री**

ज्ञवाली, टीकाराम (–). रुरु क्षेत्रको पौराणिक सन्दर्भ (अप्रकाशित सङ्कलन).लेखकसँग सुरक्षित।

**शोधप्रतिवेदन/शोधपत्र/शोधप्रबन्ध**

पोखरेल, केशवराज (२०७८), *माधव घिमिरेका गीतिनाटकमा प्रकरण वक्रता.* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

शेर्पा दावा (२०७६), *शेर्पा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ।

लामा, सिर्जना (२०७५), *कक्षा दशमा अध्ययनरत विद्यार्थीको घटनावर्णन क्षमता* [अप्रकाशित स्नातकोत्तर शोधपतिवेदन], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय विभाग।

**कार्यपत्र प्रविष्टिको ढाँचा :**

Maddox, S., Hurling, J., Stewart, E., & Edwards, A. (2016, March 30–April 2). *If mama ain't happy, nobody's happy: The effect of parental depression on mood deregulation in children* [Paper presentation]. Southeastern Psychological Association 62nd Annual Meeting, New Orleans, LA, United States.

पाण्डेय, ताराकान्त (२०७७, फागुन २४), समकक्षी (विज्ञ) समीक्षा : अवधारणा र पद्धति ़गोष्ठीमा प्रस्तुत कार्यपत्रे, नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कार्यशाला।

**कुनै कृतिको भूमिका :**

त्रिपाठी, वासुदेव (२०५५), मन्तव्य (भूमिका), *महाकवि देवकोटा र उनका महाकाव्य,* (ले.). कुमारबहादुर जोशी, साझा प्रकाशन।

**पत्रपत्रिका :**

लेखकको थर, नाम, कोष्ठकमा प्रकाशन वर्ष, महिना, गते, लेखको शीर्षक, पत्रिकाको नाम (छड्के), अङ्क, पूर्णाङ्क र अन्त्यमा पृष्ठ सङ्ख्या पनि दिइन्छ।

**दैनिक पत्रिकामा प्रकाशित लेख :**

सिंह, मोहनविक्रम (२०६९, जेठ १२), खस आर्यसम्बन्धी विवाद, *कान्तिपुर,* १०।

**मासिक/द्विमासिक पत्रिकामा प्रकाशित लेख :**

थापा, खगेन्द्र (२०७८, कार्तिक), नेपाली साहित्यमा कोरनाको त्रास, *मधुपर्क.* वर्ष २७, पूर्णाङ्क २३०, १०–१९।

**जर्नलमा प्रकाशित लेख :**

पोखरेल, केशवराज (सन् २०१६, अगस्ट), रूपबजार कथाको सांस्कृतिक पक्ष, *नेप्लिज जर्नल अफ एडुकेसन स्टडिज,* भाग ३, ९८–१०७।

**प्राचीन साहित्य :**

अधिकारी, कोमलनाथ (सम्पा./अनु.) (२०२५), *कालिदासकृत कुमारसम्भव, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान* (मूल कृति प्रकाशन वर्ष ...)

**विद्युतीय सामग्रीसूची :**

विद्युतीय सामग्री परिवर्तनशील र अपरिवर्तनशील गरी दुई किसिमका हुन्छन्। URL प्रकुतिका सामग्रीहरु जहिलेसुकै संशोधित र पविर्तनशील हुन्छन्। DOI भएका सामग्री अपरिवर्तशील र असंशोधीय हुन्छन्। एपिएले म्इक्ष को प्रयोग गर्न सुझाव दिन्छ।

**DOI भएको किताब**

Gibb, R., & Kolb, B. (Eds.). (2018). *The neurology of brain and behavioral development*. Academic Press.
https://doi.org/10.1016/c2015-0-00695-5.

**DOI भएको जर्नलको प्राप्ति**

पोखरेल, केशवराज (सन् २०२०), बसाइँ उपन्यासमा नीतिपरक वक्रता, त्रिभुवन विश्वविद्यालय जर्नल, ३५(१), २२१–२३४। https://doi.org/10.3126/tuj.v35i1.35883.

मकाले, एस. ए. र क्रिस्टिनासेन, एम. एच. र McCauley, S. M., & Christiansen, M. H. (2019). Language learning as language use: A cross-linguistic model of child language development. *Psychological Review*, 126(1). 1–51 https://doi.org/10.1037/rev0000126.

**युटुब भिडिओ (श्रव्यदृश्य सामग्री) :**

पोखरेल, माधवप्रसाद (२०७९, भदौ ३०), एपिए सातौं संस्करणको परिचय (अनुसन्धान परिचर्चा १), https://www.youtube.com/watch?v=CdFATx0f3Ow.

भट्टराई, रामप्रसाद (२०७९, पुस ७), *भाषिक दर्शन र भाषा शिक्षणमा रहेको रहस्योद्घाटन* भिडियो फाइल, https://www.youtube.com/watch?v=imHwSoZFL9s.

Microsoft research (9th Aug 2016). *How to write a great research paper.* Retrieved from https://youtu.be/WP-FkUaOcOM on 8th March 2019.

**पावर प्वाइन्ट स्लाइड (वेभ ठेगाना नभएको)**

पोखरेल, केशवराज (२०७९, चैत्र २८), *भाषिक अनुसन्धानको क्षेत्र* [प्रस्तुत कार्यपत्र], नेपाली शिक्षा विभागद्वारा आयोजित नेपाली शिक्षा एम.एड चौथो सेमेस्टरका विद्यार्थीको शोध अभिमुखीकरण ।

**पावर प्वाइन्ट स्लाइड (वेभ ठेगाना भएको**

Evenddy Sutrisno Sadji (2012, Sep. 25). *Principle of Language Assessment.* https://www.slideshare.net/SutrisnoEvenddy/principles-of- language-assessment

**फेसबुक पोस्टको सन्दर्भ**

अधिकारी, हेमाङ्ग (फेब्रुवरी २३, २०२३), नेपालीमा चन्द्रबिन्दु लेखनका विविध पक्ष,

https://m.facebook.com/story.php?story_fbid=pfbid0q2sitwwRKKnY91k6mzKJwyea7qeBSXssPrH5yWqrSvNBptHQgDpRW4asr4FiYQ4Ll&id=100004114470919&mibextid=Nif5oz

**ब्लग पोस्ट**

**उपाध्याय, शिवानन्द (सन् २०१७), इतिहास और साहित्य दर्शन,**
https://dignifiedindia.blogspot.com/2017/09/blog-post.html, downloaded 2075 B.S./01/07, 8:55 P.M.

शर्मा, ऋषिराम (सन् २०२३, अप्रिल ३०),नेपाली कवितामा कोविड १९ उर्फ लकडाउन, https://rishiramsahitya.blogspot.com/2023/04/blog-post_66.html.

**पाठ्यक्रम विकास केन्द्र**

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७९), *नेपाली ९*, https://moecdc.gov.np/en/text-books .

**२१ जना लेखकको स्रोत**

Kalnay, E., Kanamitsu, M., Kistler, R., Collins, W., Deaven, D., Gandin, L., Iredell, M., Sha, S., White, G., Woollen, J., Zhu, Y., Chelliah, M., Ebisuzaki, W., Higgins, W., Janowiak, J., Mo, K. C., Ropepelewski, C., Wang, J., Leetmaa, A., ... Joesph, D. (1996). The NCEP/NCAR 40-year reanalysis project. *Bulletin of the American Meteorological Society*, 77(3), 437-471. https://doi.org/fg6rf9.

## निष्कर्ष

प्राज्ञिक लेखनका विविध शैलीमा छन् । सन् २०२० मा एपिए शैलीको सातौं संस्करण प्रकाशनमा आएको हो । यो संस्करण अघिल्लाका तुलनामा लिङ्ग, यौनिकता, अपाङ्ग, वर्ण, जाति मैत्री व्यवहार, पूर्वाग्रहरहित भाषा, सामाजिक, आर्थिक स्थिति र तिनका अन्तर्सम्बन्धका दृष्टिले समावेशी रहेको छ । यसमा प्रकाशित र अप्रकाशित, लिपिबद्ध वा मौखिक, विद्युतीय र गैरविद्युतीय ज्ञानको उद्धरण रखाइ, सन्दर्भाङ्कन र सन्दर्भसूची प्रयोगको ढाँचा पनि दिइएको छ । हरेक भाषाका आफ्नै विशेषता हुन्छन् । नेपाली भाषाका पनि अन्य भाषाका भन्दा पृथक् विशेषता छन् । नेपाली वाङ्मयको अनुसन्धानमा एपिएका निमय पालना गर्न असम्भव छ ।

प्राज्ञिक कार्यमा निरन्तर संलग्न व्यक्ति पनि नेपालीमा उद्धरण, सन्दर्भाङ्कन, सन्दर्भसूची लगायतका प्राविधिक पक्ष कसरी राख्ने भन्ने सन्दर्भमा अन्योलमा देखिन्छन् । यस लेखमा कागजको आकार, ठाउँ छोडाइ, पृष्ठाङ्न, सङ्ख्याङ्कन, भाषिक संरचना, तालिका चित्रको प्रयोग, शीर्षकोपशीर्षकको रखाइ, अनुच्छेद संरचना, उद्धरण, सन्दर्भाङ्कन, सन्दर्भसूचीका विविध प्रकारका प्रयोगको ढाँचासमेत दिइएको छ । यसबाट एपिए प्रयोगमा देखिएको विविधता न्यूनीकरण भई नेपाली भाषाको प्राज्ञिक कार्यमा एकरूपताको गोरेटो निर्माण हुने कुरामा विश्वस्त हुन सकिन्छ।

## सन्दर्भसूची

अमेरिकन साइकोलोजिकल एसोसियसन (सन् २०२०), *पब्लिकेसन म्यानुयल अफ द अमेरिकन साइकोलोजिकल एसोसियसन* (सातौं संस्क.), अमेरिकन साइकोलोजिकल एसोसियसन ।

घोडासैनी, खगेन्द्र (२०७९) *एपिए सातौँ संस्करणका प्रावधानहरू,* हैमप्रभा (विज्ञसमीक्षित जर्नल) अङ्क २१, ४२–५९, https://doi.org/10.3126/haimaprabha.v21i01.44839

पाण्डेय, ताराकान्त (२०७७, फागुन २४), समकक्षी (विज्ञ) समीक्षा : अवधारणा र पद्धति ृगोष्ठीमा प्रस्तुत कार्यपत्रे, नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कार्यशाला ।

पोखरेल, केशवराज (२०७१,), शोधकार्यमा उद्धरणको प्रयोग, *संयोजन, ८ (५)* ५ , ७–१२

पोखरेल, माधवप्रसाद (२०७९, भदौ ३०), एपिए सातौं संस्करणको परिचय (अनुसन्धान परिचर्चा १), https://www.youtube.com/watch?v=CdFATx0f3Ow.